# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाडौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३
प्रेस विज्ञप्ति नं. : ४३५

मिति: २०८३।०३।२८ गते।
ने.सं. ११४६

## प्रेस विज्ञप्ति

**कार भित्र लागु औषध लुकाई जोकवनी देखि काठमाडौं सम्म, ३२९ ग्राम खैरो हेरोईन सहित ३ जना पक्राउ**

लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरद्वारा काठमाडौं उपत्यकामा लागु औषध भित्र्याई विक्री गर्ने व्यक्ति तथा समुहहरुको सूचना संकलन गरी विश्लेषण गर्ने क्रममा उपत्यकामा बसी लागु औषध खैरो हेरोईन विक्री गर्दै आएका अनिल श्रेष्ठलाई मिति २०८३।०३।२५ गते जिल्ला ललितपुर ललितपुर म.न.पा. २९ हरीसिद्दीबाट खैरो हेरोईन २९ ग्राम सहित पक्राउ गरी थप अनुसन्धानको सिलसिलामा निजलाई भारत जोकवनी फरमेसगञ्जबाट विराटनगर हुँदै काठमाडौं उपत्यका सम्म प्राईभेट गाडीमा लागु औषध खैरो हेरोईन ल्याई बिक्री गर्ने जावेद आलम र बिकास भगतलाई मिति २०८३।०३।२७ गते जिल्ला ललितपुर ललितपुर म.न.पा. २९ हरीसिद्दीबाट लागु औषध खैरो हेरोईन ३०० ग्राम, लागु औषध तौल गर्ने डिजिटल तराजु र लागु औषध ओसारपसारमा प्रयोग भएको Breeza गाडी सहित पक्राउ गरी निजहरु उपर लागु औषध मुद्धामा थप अनुसन्धान भई रहेको।

**निम्न:-**

**पक्राउ प्रतिवादीहरु विवरण:-**

१. जिल्ला धादिङ धुनिबेशी न.पा. वडा न. ९ ठेगाना भएका बर्ष ३८ को अनिल श्रेष्ठ।
२. जिल्ला मोरङ कटहरी गा.पा. वडा न. ४ ठेगाना भएका बर्ष ३५ को जाबेद आलम।
३. जिल्ला सप्तरी खडक न.पा. वडा न. ७ ठेगाना भएका बर्ष ३४ को बिकास भगत।

**बरामद सामान (दशी) हरुको विवरण:-**

१. लागु औषध खैरो हेरोईन ३२९ ग्राम।
२. लागु औषध तौल गर्ने डिजिटल तराजु थान १।
३. लागु औषध ओसारपसार गर्न प्रयोग गरेको गाडी (बा.१७.च.८३७ नं. Breeza) १ थान।
४. नगद रू. ३०,०००।-
५. मोबाईल ४ थान।





**प्रवक्ता/ सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**

टेलिफोन नं. +९७७- [०१४६११०४८], वेबसाइट: [WWW.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal]
इमेल: [ncb@nepalpolice.gov.np]